# विषय सूची


| क.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | **परिच्छेद १** | |
| | **उद्देश्य, संक्षिप्त नाम र परिभाषा** | |
| १. | कार्यविधिको उद्देश्य | १ |
| २. | संक्षिप्त नाम | १ |
| ३. | परिभाषा | १ |
| | **परिच्छेद - २** | |
| ४. | सार्वजनिक परीक्षण सम्वन्धी संस्थागत ब्यबस्था | ४ |
| | **परिच्छेद - ३** | |
| | **साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण सम्वन्धी ब्यबस्था** | |
| ५. | साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्ने | ५ |
| ६. | सार्वजनिक परीक्षणको सूचना | ५ |
| ७. | साना आयोजना वा कार्यक्रम सम्वन्धी विवरण तयारी | ५ |
| ८. | साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला संचालन विधि | ५ |
| | **परिच्छेद - ४** | |
| | **ठूला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण सम्वन्धी ब्यबस्था** | |
| ९. | ठूला कार्यक्रम तथा आयोजनाका सार्वजनिक परीक्षण गर्नुपर्ने | ६ |
| १०. | समुदाय वा उपभोक्ता समिति मार्फत संचालित ठूला कार्यक्रम तथा आयोजनाहरुको सार्वजनिक परीक्षण | ६ |
| ११. | सार्वजनिक परीक्षणको सूचना | ७ |
| १२. | विषयबस्तु तयारी | ७ |
| १३. | सार्वजनिक परीक्षण कार्यक्रम संचालन विधि | ७ |
| १४. | निर्माण ब्यबसायी मार्फत संचालन भएका योजनाहरुको सार्वजनिक परीक्षण | ८ |
| १५. | निर्माण ब्यबसायी मार्फत संचालन भएका आयोजनाहरुको सार्वजनिक परीक्षण विधि | ८ |
| १६. | सहयोग लिन सक्ने | ९ |
| १७. | सूचना पाटी राख्ने | ९ |
| १८. | आचार संहिता | ९ |
| १९. | सार्वजनिक परीक्षणमा प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा लिने | १० |
| २०. | सार्वजनिक परीक्षणमा प्रस्तुत गर्नुपर्ने कागजातहरु | १० |
| | **परिच्छेद - ५**<br>प्रतिवेदन कार्यान्वयन | |
| २१. | प्रतिवेदन पेश गर्नुपर्ने | १० |
| २२ | प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने | १० |
| २३ | प्रतिवेदन सार्वजनिक गर्नुपर्ने | १० |
| २४ | प्रतिवेदन परिषद् बैठकमा पेश गर्नुपर्ने | ११ |
| | **परिच्छेद - ६** | |
| २५. | अन्य निकायहरुबाट यस सार्वजनिक परीक्षण कार्यविधिको प्रयोग | ११ |

# स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि,२०६७

## परिचय

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (२) बमोजिम स्थानीय निकायहरूले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न यो "स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७" तर्जुमा गरिएको छ ।

## परिच्छेद १

## कार्यविधिको उद्देश्य, संक्षिप्त नाम, तथा परिभाषा

**१. कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) स्थानीय निकायले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सरोकारवालावाट लेखाजोखा हुने पद्धतिको स्थापना गर्ने,

(ख) स्थानीय निकायले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रणाली अवलम्बन गर्न स्थानीय निकायलाई मार्गदर्शन गर्ने,

(ग) स्थानीय निकायले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,

(घ) स्थानीय निकायले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउने ।

**२. संक्षिप्त नामः** यस कार्यविधिको नाम "स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७" रहेकोछ । यो कार्यविधि नेपाल सरकारले स्वीकृती गरेको मिति देखि लागू हुनेछ ।

**३. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्छ ।

(ख) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्छ ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्छ ।

